वैठक – ५०

आज मिति २०७७/०१/१८ गते २ बजे सरावल गाउँपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल बमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री राधेश्याम चौधरी | अध्यक्ष | |
| २ | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| ३ | श्री भेषनारायण चौधरी | वडाध्यक्ष वार्ड १ | |
| ४ | श्री शम्भु प्रसाद चौधरी | वडाध्यक्ष वार्ड २ | |
| ५ | श्री अणेन्द्रनाथ राय | वडाध्यक्ष वार्ड ३ | |
| ६ | श्री छोटेलाल यादव | वडाध्यक्ष वार्ड ४ | |
| ७ | श्री दिनेश सहानी | वडाध्यक्ष वार्ड ५ | |
| ८ | श्री कैलास यादव | वडाध्यक्ष वार्ड ६ | |
| ९ | श्री हयात खाँ धुनिया | वडाध्यक्ष वार्ड ७ | |
| १० | श्री छिमा देवी चौधरी | सदस्य | |
| ११ | श्री चन्दा देवी चौधरी | सदस्य | |
| १२ | श्री जन्त्री केवटीन | सदस्य | |
| १३ | श्री विन्दा देवी धोवी | सदस्य | |
| १४ | श्री जोखु प्रसाद कहार | सदस्य | |
| १५ | श्री सुनिता हरिजन | सदस्य | |
| १६ | श्री बुद्ध प्रकाश पौडेल | प्र. प्र. अ. | |
| १७ | नारायण पाण्डेय | प्रि. अ. | |
| १८ | राजन वस्याल | ना. सु. | |
| १९ | हरीकान्त वस्याल | अधिकृत छैठौं | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |

# प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं. १ - कोरोना भाईरस(Covid-19) नियन्त्रण रोकथाम तथा उपचार सम्वन्धमा**

**निर्णय नं. १ -** प्रस्ताव नं. १ उपर छलफल गर्दा हाल विश्वरभर महामारीको रुपमा फैलिईरहेको कोरोना भाईरस (covid-19) को नियन्त्रण रोकथाम एवं उपचारका निमित्त विभिन्न रणनिति तय गर्दै कामहरु सन्चालन भईरहेको जसअन्तर्गत वडा नं. १ को खोखरपुरा र वडा नं. ७ भुजहवामा २ वटा क्वारेन्टाईन सन्चालन भईरहेकोले ताहा हालसम्म भईरहेको खर्चको सम्वन्धमा वेठकमा जानकारी गराईयो । क्वारेन्टाईन सेवा अझ व्यवस्थित वनाउनका निमित्त क्वारेन्टाईन सन्चालन तथा व्यवस्थापन समितिमा देहायवमोजिमको संख्यामा सदस्यहरु थप गर्ने निर्णय गरियो ।

**<u>सरावल-१ खोखरपुरामा सन्चालित क्वारेन्टाईन अन्तर्गतको सन्चालन तथा व्यवस्थापन समितिमा थप गरिएको सदस्यहरुको विवरण</u>**

- छिमादेवी राय
- चन्दादेवी चौधरी
- सुनिता हरिजन

**<u>सरावल-७ भुजहवाको सन्चालित क्वारेन्टाईन अन्तर्गतको सन्चालन तथा व्यवस्थापन समितिमा थप गरिएको सदस्यहरुको विवरण</u>**

- विन्दादेवी धोवी
- जन्त्री केवट

**प्रस्ताव नं. २ - असंगठित क्षेत्रमा कार्यरत श्रमिक र असहाय एवं अति विपन्न परिवारलाई राहत व्यवस्थापन र वितरण सम्वन्धमा**

**निर्णय नं. २ -** प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गाउपालिका भित्रका असंगठित क्षेत्रका श्रमिक र असहाय एवं अति विपन्न परिवारलाई राहत वितरण भईरहेको सन्दर्भमा देहायको स्थानमा राहत वितरण गरिएको व्यहोरा वैठकमा जानकारी गराईयो ।

- वडा नं. १ वासावासही अन्तर्गत हाईवेमा टाढा टाढावाट आफ्नो घर हिडेका वटुवाहरुलाई प्रहरी चौकी वासावसहीमार्फत चाउचाउ र पानी एवं सोही वडामा सुकुम्वासी रुपमा वसोवास गर्दै आएका भारतिय नागरिकलाई खाद्यान्न सामाग्री वितरण गरिएको ।
- वडा नं. ६ को मदरसामा अध्ययन एवं वसोवास गर्ने भारतिय विद्यार्थीलाई खाद्यान्न वितरण गरिएको ।

**प्रस्ताव नं. ३ - कृषकहरुलाई मल र विउ व्यवस्थापन तथा वितरण सम्वन्धमा**

**निर्णय नं. ३ -** प्रस्ताव नं. ३ उपर छलफल गर्दा कोरोना भाईरस उपचार रोकथाम तथा नियन्त्रणको लागी भन्दै नेपाल सरकारले लकडाउन(वन्दावन्दी) गरिरहेको साथै कृषकहरुले वाली लगाउने

राधेश्याम चौधरी
अध्यक्ष

समय समेत यसै विचमा पर्ने देखिएकोले वन्दावन्दीको विच पनी कृषकहरुलाई मल एवं विउ अभाव हुन नदिन देहायवमोजिमको रणनिती तय गर्ने निर्णय गरियो ।

- मलखादको लागी यस गाउपालिका भित्रका लाईसेन्स प्राप्त सम्पुर्ण सहकारीहरुले आफ्नो कोटा वमोजिमको मलखाद खरिद गरी ल्याउने एवं वडाध्यक्ष एवं सहकारी सन्जालसंगको समन्वयमा सम्पुर्ण वडामा अभाव एवं वढि नहुने गरी वितरणको वन्दोवस्त मिलाउने
- कृषकहरुलाई मल,विउ व्यवस्थापन सम्वन्धी मापदण्ड वैठकमा पेश भएकोमा मापदण्ड उपर छलफल गरीयो एवं उक्त मापदण्ड स्विकृत गर्ने निर्णय गरियो ।
- सरावल गाउपालिका भित्रका सम्पुर्ण किसानहरुलाई धानको विउ खरिदमा ३०% अनुदान उपलव्ध गराउने एवं सोको वितरण स्विकृत मापदण्ड वमोजिम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ - सामाजिक सुरक्षा भत्ता वितरण सम्वधमा**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस सरावल गाउपालिकामा सामाजिक सुरक्षा भत्ता वितरणको निमित्त प्रत्येक वडा कार्यालयमा चेक उपलव्ध गराईसकिएको भए पनी लकडाउन (वन्दावन्दी) को कारणले वितरण हुन नसकेको सन्दर्भमा सम्वन्धित वैंकसंगको समन्वयमा सुरक्षाका उपायहरु अवलम्वन गर्दै भिडभाड नहुने गरि प्रत्येक गाउँमा गई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ - राहत सम्वन्धमा**

**निर्णय नं.** ५ - प्रस्ताव नं. ५ उपर छलफल गर्दा कोरोना भाईरस रोकथाम नियन्त्रण तथा उपचारको लागी यस सरावल गाउपालिकावाट अतिविपन्न तथा असंगठित क्षेत्रका कामदारहरुको पहिचानको लागी पत्र पठाई लाभग्राही पहिचान गरी वडावाट प्राप्त विवरणअनुरुप वितरण गरिएकोमा देहायको संख्यामा थप अतिविपन्न तथा असहाय एवं असंगठित क्षेत्रका कामदारहरुलाई राहत वितरण गर्न आवश्यक रहेको जनाई वडाकार्यालयवाट विवरण प्राप्त भएकोले निजहरुलाई मापदण्डले तोकिएअनुरुप राहत वितरण गर्ने निर्णय गरियो ।

**तपशिल**

| वडा नं. | थप राहत वितरण गर्नुपर्ने संख्या |
|---|---|
| १ | १८१ |
| २ | ३१२ |
| ५ | ३०९ |
| ६ | २०६ |
| कुल संख्या | १००८ |

राधेश्याम चौधरी
अध्यक्ष